श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२/११७(हातहतियार)

दर्ता मिति :– २०६८/०३/१६

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.**८११** , मिति :– २०७१/०७/२४

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.................१ | माइते लामाको छोरा जि.नुवाकोट, मदानपुर गा.वि.स. वडा नं.६ बस्ने वर्ष २२ को अशोक लामा........................................................ १ |
| निजको प्रमाण.................................. | विन्देश्वरी पाण्डेको छोरा जि. कपिलवस्तु, चनई गा.वि.स. वडा नं.५ खैरेन्द्रपुर बस्ने वर्ष २५ को गणेश पाण्डे........................................................ १ |
| साक्षी .............. | रामबहादुर तामाङ्गको छोरा जि.मोरङ, विराटनगर उप महानगरपालिका वडा नं.११ बस्ने वर्ष १९ को सोवित तामाङ्ग............................................ १ |
| कागज........................................... | निजको प्रमाण .................................................................. |
| | साक्षी ............................................................................. |
| | कागज ............................................................................. |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

**मुद्दा :- हातहतियार खरखजना ।**

(१) जिल्ला नुवाकोट मदानपुर गा.वि.स.वडा नं ६ बस्ने अशोक लामा समेतका व्यक्तिहरुले अवैध रुपमा हातहतियारको खरिद विक्री गर्ने गरेका छन् भन्ने प्राप्त सूचनाको आधारमा निजहरुको खोजतलास गर्दै जादा का.जि.का.म.न.पा.वडा नं.२९ ठमेल स्थितमा अमृत साइन्स क्याम्पस अगाडि पुग्दा शंकित अवस्थामा बसी रहेका अशोक लामा, गणेश पाण्डे र सोवित तामाङसमेतलाई नियन्त्रण लिई निजहरुको शरिर तलासी लिदा अशोक लामाको साथबाट MADE IN USA लेखिएको पेस्तोल थान १ र ऐ.को गोली राउण्ड २ समेत फेला परेको हुदा सो को वरामदी मुचुल्का तयार गरी निज प्रतिवादीहरु तिनै जनालाई थप कारवाहीको लागि वरामद हतियार सहित पक्राउ गरी दखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन सहितको खानतलासी र वरामदी मुचुल्का ।

(२) मिति २०६८।२।२२ गतेका दिन का.जि.का.म.न.पा.वडा नं.२९ ठमेल स्थित अमृत साइन्स क्याम्पस अगाडि म तथा अशोक लामा र सोवित तामाङ समेतलाई प्रहरीले नियन्त्रणमा लिई शरिर तलासी लिदा अशोक लामाको साथबाट पेस्तोल १ र गोली राउण्ड २ वरामद भएको ठीक हो भन्ने समेत व्यहोराको प्रतिवादीहरु गणेश पाण्डे र सोवित तामाङको एकै मिलानको अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

(३) मिति २०६८।२।२२ गतेका दिन रोहित चौधरीसँग लैनचौर स्थित सितारियो कराँते मैदानमा भेट हुदा निजले एक छिन खान जाउँ भनी एउटा चिया पसलमा गई बसेको अवस्थामा निजले आफ्नो साथमा बोकको पेस्तोल १ र गोली राउण्ड २ मलाई एक छिन राख म काउण्टरबाट रुममा पुगेर आउछु भनी गएको र १५/२० मिनेटसम्म नआए पछि बाहिर निस्कदाको अवस्थामा प्रहरीले मलाई नियन्त्रणमा लिई मेरो शरिर तलासी लिदा MADE IN USA लेखिएको पेस्तोल र गोली राउण्ड २ समेत वरामद गरी म सँग रहेको गणेश पाण्डे र सोवित तामाङलाई समेत पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी अशोक लामाले अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) हाल पक्राउ परी आएका प्रतिवादीहरु मध्य गणेश पाण्डे मेरो घरमा कोठा भाडा लिई बस्दै आएका छन् । निज गणेश पाण्डे कहिले नेपाली सेनामा जागिरे छु भन्ने कहिले ट्राभल्समा काम गर्छु भन्ने गरेको र प्रायः जसो डेराकोठामा नबसी बाहिर हिड्ने र राती अवेरमात्र कोठमा आउने गरेको र हाल निज हातहतियार मुद्दामा पक्राउ परी आएको कुरा थाह पाएको हो । निज अपराधिक प्रवृत्तिका व्यक्ति रहेछन भन्ने समेत व्यहोराको अनुन्धानको क्रममा बुझिएका घरधनीले गरी दिएको कागज ।

(५) प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङसमेत सगै रहेको अवस्थामा अशोक लामाको साथबाट MADE IN USA लेखिएको पेस्तोल थान १ र सोमा KF765 लेखिएको गोली राउण्ड २ समेत फेला परेको वरामदी मुचुल्का,अधिकार प्राप्त अधिकारी समक्ष पक्राउ परेका प्रतिवादीहरुले गरेको वयान तथा प्रहरी प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट निज प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ समेतले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसुर गरेको हुँदा सोही कसुर अपराधमा निज प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २०(२) को क र ख बमोजिम सजाय गरी दफा १६ बमोजिम उक्त बरामदी पेस्तोल र गोली जफत हुन समेतको मागदावी लिई अभियोगपत्र पेश भएको ।

(६) हातहतियार म बाट वरामद भएको होइन । वरामदी मुचुल्कामा भएको दस्तखत र सहिछाप मेरो हो । तर प्रहरीले व्यहोरा पढ्न नै नदिई दस्तखत र सहीछाप गराएको हो ।मैले गणेश पाण्डेलाई चिनेको छैन । निजले सो व्यहोरा किन लेखाए मलाई थाह भएन भन्ने समेत ब्यहोराको प्रतिवादी अशोक लामाले यस कार्यालय समक्ष गरेको बयान ।

(७) वरामदी मुचुल्कामा भएको दस्तखत र सहिछाप मेरो हो । वरामदी मुचुल्कामा उल्लेखित व्यहोरा सम्वन्धमा मलाई केही थाह छैन । व्यहोरा पढेर सुनाएका थिएनन् । मलाई बाटोमा हिड्दा हिड्दै समाएका हुन । मैले अरु प्रतिवादीलाई चिन्दिन व्यहोरा के लेखे मलाई थाह छैन । सहीछाप र दस्तखतसम्म गरेको हूँ भन्ने व्यहोरा समेत प्रतिवादी गणेश पाण्डेले यस कार्यालयसमक्ष गरेको वयान ।

(८) दस्तखत र सहीछाप मेरो हो । वरामदी मुचुल्काको व्यहोरा सम्वन्धमा मलाई केही थाह छैन । म बाटोमा चुरोट खाएर बसेको अवस्थामा प्रहरीले भ्यानमा राखी लगेका हुन । प्रहरी कार्यालयमा पुगेपछि अशोक लामाबाट हतियार फेला परेको हो भनी देखाएका थिए । हातहतियार सम्वन्धमा म अनभिज्ञ छु भन्ने समेत व्यहोराको प्रतिवादी सोवित तामाङले यस कार्यालयसमक्ष गरेको वयान ।

(९) प्रतिवादीहरुले अभियोगमा इन्कारी रही वयान गरेता पनि मिसिल संलग्न वरामदी मुचुल्का, प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान,प्रहरी प्रतिवेदन र वस्तुस्थिति मुचुल्का समेतका आधार प्रमाणहरुबाट यी प्रतिवादी अहिले नै निर्दोष छन भन्न सक्ने अवस्था विद्यमान नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी अशोक लामालाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २४(क) बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राख्न पठाई दिनु तथा प्रतिवादीहरु गणेश पाण्डे र सोवित तामाङ्गले अधिकार प्राप्त अधिकारीसमक्ष वयान गर्दा समेत हतियारको अनविज्ञता दर्शाएकाले निज प्रतिवादीहरु गणेश पाण्डे र सोवित तामाङ्गबाट मु.ऐ.अ.वं.११८.५ नं.बमोजिम जनही रु ६०,०००।-( साठी हजार ) नगदै वा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु र दिन नसके सोही महलको ११८(८) नं.बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने समेत यस कार्यालयबाट मिति २०६८।३।३ मा भएको थुनछेक आदेश ।

(१०) का.जि.का.म.न.पा.वडा नं.२९ ठमेल स्थितमा अमृत साइन्स क्याम्पस अगाडि पुग्दा शंकित अवस्थामा बसी रहेका अशोक लामा, गणेश पाण्डे र सोवित तामाङसमेतलाई नियन्त्रण लिई निजहरुको शरिर तलासी लिदा अशोक लामाको साथबाट MADE IN USA लेखिएको पेस्तोल थान १ र ऐ.को गोली राउण्ड २ समेत फेला परेको हुदा सो को वरामदी मुचुल्का तयार कारवाहीको लागि पक्राउ गरी दाखिला गरेको समेतका कागजातहरुमा म समेतले दस्तखत गरेको हो भन्ने समेतको व्यहोरा प्रतिवेदक प्र.नि.किरण न्यौपाने र प्र.स.नि.योगराज कोइराला समेतले यस कार्यालयमा गरेको वकपत्र ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६८।२।२२ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. २९ ठमेल स्थित अमृत साइन्स क्याम्पस अगाडि शंकित अवस्थामा बसी रहेका अशोक लामा, गणेश पाण्डे र सोवित तामाङसमेतलाई नियन्त्रण लिई निजहरुको शरिर तलासी लिदा अशोक लामाको साथबाट MADE IN USA लेखिएको पेस्तोल थान १ र ऐ.को गोली राउण्ड २ समेत फेला परेको र सो हात हतियार खरखजाना ल्याउने, साथमा राख्ने कार्यमा प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ्गसमेतको संलग्नता पुष्टि भएकाले प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ्ग लाई **हातहतियार खरखजाना ऐन,**२०१९ को दफा ३(२) र ४(२) को कसूरमा ऐ. दफा २०(२) को क र ख बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री कृष्णजंग शाहको वहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी अव निर्णयतर्फ विचार गर्दा मिति २०६८/०२/२२ गते काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. २९ ठमेल स्थित अमृत साइन्स क्याम्पस अगाडि शंकास्पद अवस्थामा फेला पारी शरिर तलासी लिदा अशोक लामाको कम्मरमा लुकाएको अवस्थामा MADE IN USA लेखिएको पेस्तोल थान १, गोली थान- २ समेत फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो को रोहवरमा प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ्गले सहीछाप गरेको देखिन्छ । अनुसन्धानका क्रममा प्रतिवादी गणेश पाण्डेले *अशोक लामा र सोवित तामाङ्गलाई चिन्दिन, अशोक लामाको साथबाट पेस्तोल र सो को गोली वरामद भएको हो । फोन मेरो साथी राजु लामाको हो । हतियारको वारेमा थाह छैन* भनी वयान गरेको देखिन्छ । प्रतिवादी शोवित तामाङले *अशोक लामालाई चिन्दछु । गणेशलाई पक्राउ गरेपछि चिनेको हो । ठमेलमा अशोक लामाबाट पेस्तोल भेटाई मलाई समेत पक्राउ गरेको हो । पेस्तोल गोली वारे थाह थिएन* भनी वयान गरेको देखिन्छ । त्यसै गरी *पेस्तोल र गोली मेरो साथबाट वरामद भएको हो, रोहन चौधरीले मलाई झोला दिई १५/२० मिनेटसम्म नआएपछि प्रहरी आई पक्राउ गरेको हो । हतियार वारे सोवित र गणेशलाई थाह थिएन* भनी प्रतिवादी अशोक लामाले वयान गरेका रहेछन् । अशोक लामाले गणेश पाण्डेसँग ७ पटक, सोवित तामाङसँग ११ पटक र सोवित तामाङले गणेश पाण्डेसँग ५ पटक, अशोक लामासँग ११ पटक र गणेश पाण्डेले अशोकसँग २७ पटक र सोवितसँग ५ पटक फोन सम्पर्क गरेको मिसिल संलग्न कल डिटेल रिपोर्टबाट देखिन्छ । वरामद भएको पेस्तोल चालु हालतमा रहेको होम मेड रहेको, गोलीहरु जिवीत रहेको भन्ने हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेछ । यस कार्यालय समक्षको वयानमा प्रतिवादी तीनै जनाले चुरोट खाएर बसेको अवस्थामा प्रहरी आई पक्राउ गरी लगेको, खानतलाशी वरामदी मुचुल्का र प्रहरीमा भएको बयान पढ्न नदिई सहिछाप गराईएको भनी एकापसमा मिल्दो जुल्दो हुने गरी कसूरमा इन्कार रही वयान गरेका रहेछन् । प्रतिवादीहरुले कसूरमा इन्कार रही वयान गरेता पनि कपिलवस्तु जिल्ल अदालतबाट यीनै प्रतिवादीहरुलाई मुलुकी ऐन चोरीको महलको १४ को देहाय ४ नं. बमोजिम जनही रु. ७,५७,१७९/- जरिवाना र जनही ६ (छ) बर्ष कैद हुने ठहरी फैसला भएको भन्ने मिसिल संलग्न कपिलवस्तु जिल्ला अदालतको च.नं. २१९७, मिति २०६९।१०।११ को पत्रबाट देखिंदा निजहरुले एकअर्कालाई नचिन्ने लगायतका व्यहोरा खोली दिएको बयानलाई विश्वास गर्न सकिएन । प्रतिवादीहरुले आफू निर्दोष रहेको पुष्टी हुने वा अभियोग दावी खण्डन गर्ने कुनै साक्षी प्रमाण पेश गर्न सकेको देखिएन । वादी नेपाल सरकारका तर्फबाट प्रहरी निरीक्षक किरण प्रसाद न्यौपाने र प्रहरी सहायक निरीक्षक योगराज कोईराला यस कार्यालयमा उपस्थित भई *काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. २९ ठमेल स्थित अमृत साइन्स क्याम्पस अगाडि शंकित अवस्थामा बसी रहेका अशोक लामा, गणेश पाण्डे र सोवित तामाङसमेतलाई नियन्त्रण लिई निजहरुको शरिर तलासी लिदा अशोक लामाको साथबाट MADE IN USA लेखिएको पेस्तोल थान १ र ऐ.को गोली राउण्ड २ समेत फेला परेको* भनी बकपत्र गरी वरामदी मुचुल्कालाई थप पुष्ट्याँई गरेको देखियो ।

अतः माथि विवेचना गरिएका खानतलासी वरामदी मुचुल्का, इन्कारी वयान भएता पनि सो को पुष्ट्याई गर्ने कागज प्रमाण पेश हुन नसकेको अवस्था, वादीका साक्षीको यस कार्यालय समक्षको बकपत्र, प्रतिवादीहरु बीच पटक/पटक फोन सम्पर्क भएको प्रतिवेदन, कपिलबस्तु जिल्ला अदालतबाट डाका मुद्दामा

कसूरदार ठहरिएको अवस्था लगायतका मिसिल संलग्न कागजातहरुका आधारमा यी प्रतिवादीहरु अशोक लामा,गणेश पाण्डे र सोवित तामाङ्गले आपसी मिलेमतो र योजनामा लाइसेन्स नलिई हातहतियार आफुसाथ राखी एक स्थानबाट अर्को स्थानमा ल्याउने लाने गरी बोकी हिडी हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ४(२) ले निषेध गरेको कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा निज प्रतिवादीहरुको अपराधिक पृष्ठभूमि समेतलाई दृष्टीगत गरी प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २०(२) बमोजिम जनही ३(तीन) वर्ष ६ (छ) महिना कैद हुन्छ । वरामद भई आएको पेस्तोल र गोली ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ्गलाई जनही ३ ( तीन) वर्ष ६(छ) महिना कैद हुने ठहरेकोले प्रतिवादीहरु मिति २०६८।२।२२ गते पक्राउ परी प्रहरी हिरासतमा रही यस कार्यालयको मिति २०६८।३।१७ को आदेश बमोजिम प्रतिवादी अशोक लामालाई मुद्दा पूर्पक्षका लागि थुनामा राखिएको र प्रतवादीहरु गणेश पाण्डे र सोवित तामाङबाट जनही रु. ६०,०००/- नगदै वा सो बराबरको जेथा जमानत माग भएकोमा प्रतिवादी गणेश पाण्डे र सोवित तामाङले माग भएको धरौट दिन नसकी तत्काल थुनामा रही प्रतिवादी गणेश पाण्डेले माग भएको धरौट नगदै मिति २०६८।४।२६ मा दाखिला गरी मिति २०६८।४।२७ देखि तारेखमा रहेकोमा सोही दिन अन्य मुद्दाको अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर, हनुमाढोकाले निजलाई बुझी लगेको देखिएकाले पक्राउ परेको मितिबाट गणना हुने गरी प्रतिवादी अशोक लामा, गणेश पाण्डे र सोवित तामाङ्गलाई हिरासतमा बसेको अवधिको गणना गरी नियमानुसार कैदीपूर्जि दिनू ...............................................................................................................१

प्रतिवादी गणेश पाण्डेले यस कार्यालयको मिति २०६८।३।१७ मा भएको आदेश वमोजिम र.नं.०११३ मिति २०६८।४।२६मा धरौटी वापत राखेको रु ६०,०००।-( साठीहजार ) फिर्ता पाउ भनी ऐनका म्याद भित्र निवेदन गरेमा नियमानुसार फिर्ता गरी दिनु........................................................................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी अशोक लामा,गणेश पाण्डे र सोवित तामाङ्गलाई पुनरावेदन म्याद दिनू.............. ४

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ...................... ..........५

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.........६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...........................................................................७

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम लेख्ने
ना.सु.परशुराम थापा

.................................
**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल कार्तिक २४ गते रोज २ शुभम् ......................